लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि.
LUMBINI GENERAL INSURANCE COMPANY LTD.
**Head Office:** PO Box No. 23100, Gyaneshwor, Kathmandu, Nepal, Toll Free No. 1660 01 07070
Phone: 01-4412004, 4411707, 4433214, Fax: 01-4411692, Email: info@lgic.com.np

ISO 9001:2015 Certified Company

पत्र संख्या १९२८/०८-०७९

मितिः २०७९/०३/०८

**श्री नेपाल स्टक एक्सचेन्ज लि.**
काठमाडौं ।

**बिषयः बार्षिक साधारण सभा र बुक क्लोज बारे**

महोदय,

मितिः २०७९/०३/०८ गते अपरान्ह १:३० बजे सम्पन्न यस कम्पनीको सञ्चालक समितिको बैठक नं. २४८ ले गरेको निर्णय अनुसार देहाय बमोजिम जानकारी गराएका छौंः

१) यस कम्पनीको आ.ब. २०७७/०७८ को १७औं वार्षिक साधारण सभा **आगामी २०७९ साल आषाढ २९ गते बुधबार** आव्हान गर्ने ।

उक्त सभाको सूचनाको विवरण संलग्न छ । उक्त सूचना मितिः २०७९/०३/०९ को कारोवार राष्ट्रिय आर्थिक दैनिकमा प्रकाशन गरिनेछ ।

२) साधारण सभाको प्रयोजनको लागि आगामी **२०७९ साल आषाढ १५ गते** १ दिनको लागि शेयर दाखिल खारेज किताब बन्द (बुक क्लोज) गर्ने ।

धन्यबाद ।

भवदीय

देवेन्द्र कोइराला
कम्पनी सचिव

**बोधार्थः** श्री नेपाल धितोपत्र बोर्ड, ललितपुर ।
श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लि., काठमाडौं ।
श्री बीमा समिति, ललितपुर ।
श्री एनआईबिएल एस क्यापिटल लि., काठमाडौं ।

लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
LUMBINI GENERAL INSURANCE COMPANY LIMITED
मुख्य कार्यालयः ज्ञानेश्वर, काठमाडौं, पो.ब.नं. २३१००, फोन नं. ४५११७०७, ४५१२००४
फ्याक्स नं. ०१-४५११६९२, टोल फ्रि नं. १६६०-०१-०७०७०, ईमेल : info@lgic.com.np

# १७औं वार्षिक साधारण सभाको सूचना

मिति २०७९/०३/०८ गते सम्पन्न सञ्चालक समितिको बैठक नं. २४८ को निर्णयानुसार निम्न मिति र समयमा यस कम्पनीको बार्षिक साधारण सभा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने मिति, स्थान र समयः**

मितिः २०७९ साल असार २९ गते बुधबार (जुलाई १३, २०२२) ।
स्थानः अमृतभोग क्याटरिङ्ग, कालिकास्थान, डिल्लीबजार, काठमाडौं ।
समयः बिहान ११ बजे ।

**छलफलका बिषय सूचिहरुः**

क) सञ्चालक समितिको १७औं बार्षिक प्रतिवेदन २०७७/०७८ पारित गर्ने ।

ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ साल आषाढ मसान्तको वासलात, आ.ब. २०७७/०७८ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र अनुसूचिहरु पारित गर्ने ।

ग) बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि चुक्ता पूंजीको ०.५% ले हुन आउने रु.५९,९४,४५०/- नगद लाभांश स्वीकृत गर्ने ।

घ) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.ब. २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने (हालको लेखापरीक्षक श्री एस.ए.आर. एसोसिएट्सले पुनः लेखापरीक्षण गर्न सक्नुहुनेछ) ।

ङ) स्वतन्त्र सञ्चालकमा सुश्री निर्मला देवी मानन्धरलाई गरिएको नियुक्ति अनुमोदन गर्ने,

**च) बिशेष प्रस्तावः**

१) कम्पनीको अधिकृत पूंजी हाल रु. १ अर्ब २५ करोडबाट बृद्धि गरी रु. ३ अर्ब पुर्‍याउने ।

२) कम्पनीको हालको जारी तथा चुक्ता पूंजी रु. १,१९,८८,९०,०००/- बाट वृद्धि गरी रु. १,३१,२७,८४,५५०/- पुर्‍याउने र सो प्रयोजनको लागि सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.ब. २०७७/०७८ सम्मको मुनाफा मध्येबाट चुक्ता पूंजीको ९.५% ले हुन आउने रु. ११,३८,९४,५५०/- बराबर बोनस शेयर वितरण गर्ने । बोनस शेयर वितरण गर्दा फ्याक्सनमा आउने शेयरलाई पछि समायोजन गर्ने गरी यथावत् राख्ने ।

३) नं. (१) र (२) को व्यबस्था अनुसार प्रबन्धपत्रको दफा ५(क), ५(ख) र ५(ग) संशोधन गर्ने ।

४) प्रबन्धपत्रको प्रस्तावित संशोधनमा सम्बन्धित निकायको निर्देशन अनुसार आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

५) यस कम्पनीले अन्य कुनै कम्पनीलाई प्राप्ती गर्ने वा एक-आपसमा गाभ्ने/गाभिने प्रयोजनको लागि उपयुक्त कम्पनीको पहिचान र छनौट गर्ने, समभ्रुदारीपत्रमा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिको लागि बीमा समिति समक्ष निवेदन दिने, आवश्यकतानुसार सम्पत्ती र दायित्वको मूल्याङ्कन गर्न मूल्याङ्कनकर्ता नियुक्ति तथा प्राप्ती गर्न वा एकापसमा गाभ्ने/गाभिनेसंग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु बमोजिम गर्नुपर्ने सम्पूर्ण आवश्यक प्रकृयाहरु पूरा गरी अख्तियारप्राप्त निकायहरुबाट अन्तीम स्वीकृति लिने लगायतका कार्य गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने एवं समितिले यस सम्बन्धमा सुरु गरेको प्रारम्भिक कामहरुको अनुमोदन गर्ने ।

छ) संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व हुने ४ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

ज) विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**सभा सम्बन्धी सामान्य जानकारी**

१. **साधारण सभाको प्रयोजनका लागि मिति २०७९ साल असार १५ गते १ दिनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द गरिनेछ । शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिः २०७९/०३/१५ गतेभन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा भएको कारोवारबाट शेयर खरिद गरी शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिले तोकिएको कार्यदिनसम्म शेयर नामसारी तथा दाखिल खारेजका लागि आवश्यक कागजात सहित यस कम्पनीको शेयर रजिष्ट्रार श्री एनआईबिएल एस. क्यापिटल लि., लाजिम्पाट, काठमाडौंमा पेश भएको विवरणको आधारमा कायम भएका शेयरधनीहरुले मात्र वार्षिक साधारण सभामा भाग लिन पाउने छन् ।**

२. सञ्चालक समितिको बार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब. २०७७/०७८ को वित्तीय विवरण प्रकाशन गरिनेछ र उक्त विवरणहरु कम्पनीको वेभसाइट www.lgic.com.np बाट समेत हेर्न वा प्राप्त गर्न सकिनेछ ।

३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहनुहुने शेयरधनीहरुले कम्पनीको आफ्नो समूहको कुनै एक शेयरधनीलाई प्रतिनिधि मुकरर गरी सभा हुनुभन्दा ४८ घण्टा अगावै संस्थापक शेयरधनीहरुले कम्पनीको प्रधान कार्यालयमा र सर्वसाधारण शेयरधनीहरुले यस कम्पनीको शेयर रजिष्ट्रार, एनआईबिल एस. क्यापिटल लि., मा दर्ता गर्नु पर्नेछ ।

४. प्रोक्सी दोहोरो पर्न गएमा पहिले दर्ता गरिएको प्रोक्सीले मान्यता पाउनेछ । प्रोक्सी मुकरर गर्ने शेयरधनी स्वयं सभामा उपस्थित भई दस्तखत गर्नुभएमा प्रोक्सी स्वतः बदर हुनेछ ।

५. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा दर्ता भएका व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछन् ।

६. सभामा भाग लिने सर्वसाधारण शेयरधनीहरुले सभा हुने दिन शेयरको प्रमाणसहितको परिचयपत्र साथमा लिई आउनुहुन अनुरोध छ। शेयर अभौतिकिकरण गराइसक्नुभएका शेयरधनी महानुभावहरुको हकमा डिम्याट खाता नम्बर र सक्कल परिचयपत्र प्रस्तुत गर्नुपर्नेछ ।

७. छलफलको बिषयमध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको बिषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ ।

८. उपस्थिति पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।

९. संस्थापकहरुको समूहबाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतद्वारा कम्पनीको प्रधान कार्यालयमा प्रकाशित गरिनेछ । निर्वाचन सम्बन्धी विषयहरु लगायत अन्य जानकारीको लागि कम्पनीको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।